# कटारी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड:०६** **संख्या:१७** **मिति:२०७९/१०/१८**

सामुदायिक विद्यालयमा प्रति विद्यार्थी शिक्षक लागत (Per Capita Funding) का आधारमा अध्यापन कार्यमा प्रदान गरिने शिक्षण सहयोग अनुदान कार्यविधि २०७९

कार्यपालिकाबाट स्वीकृत मिति २०७९/१०/१८

**प्रस्तावनाः-** नेपाल सरकारबाट अनुमति वा स्वीकृत प्राप्त गरि सञ्चालित सामुदायिक विद्यालयहरु र विशेष तथा समाहित शिक्षाका स्रोत कक्षाहरु, मदरसा, गुम्बा विहार, गुरुकुल आश्रम, बालविकास केन्द्रमासमेत विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्था गर्नका लागि स्रोत उपलब्ध गराइ विद्यालयमा अध्ययनरत सबै बालवालिकहरुले समान रुपमा सिक्न पाउने अवस्था सुनिश्चित गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सामुदायिक विद्यालयमा प्रति विद्यार्थी शिक्षक लागतका आधारमा अध्यापन कार्यमा प्रदान गरिने शिक्षण सहयोग अनुदान कार्यविधि २०७९ जारी गरिएको छ ।

### परिच्छेद १

**. संक्षिप्त नाम र प्रारम्भ**



प्रमुख प्रशासकीय अधिकृत

१. यो कार्यविधिको नाम "सामुदायिक विद्यालयमा प्रति विद्यार्थी शिक्षक लागतका आधारमा अध्यापन कार्यमा शिक्षण सहयोग अनुदान कार्यविधि २०७९ रहेको छ ।

२. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

३. यो कार्यर्विधि नेपाल सरकार / स्थानीय सरकारबाट अनुमति वा स्वीकृती प्रप्त गरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरु तथा मदरसा, गुम्बा विहार, गुरुकुल आश्रम, बालविकास केन्द्र विशेष तथा समाहित शिक्षाका स्रोत कक्षाहरुमा समेत लागु हुनेछ ।

४. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

४.१ "मन्त्रालय भन्नाले" शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ ।

४.२ " विभाग भन्नाले " शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई सम्झनु पर्छ ।

४.३ " विद्यालय भन्नाले " नेपाल सरकार / स्थानीय सरकाबाट अनुमति वा स्वीकृत प्राप्त गरी सञ्चालित सबै तहका विद्यालयहरुलाई सम्झनु पर्छ ।

*स्पष्टिकरणः कार्यविधिमा उल्लेख भए बमोजिम अनुदान प्रयोजनको लागि यसले अनुमति प्राप्त मदरसा, गुम्बा विहार, गुरुकुल आश्रम, बालविकास केन्द्र विशेष तथा समाहित शिक्षाका स्रोत कक्षाहरुमा समेतलाई जनाउनेछ ।*

४.४ विशेष तथा समाहित शिक्षाका स्रोत कक्षाका विद्यालय र स्रोत कक्षा भन्नाले विशेष प्रकृतिका अपाङ्गता भएका विद्यार्थी अध्ययन गर्ने स्रोत कक्षा सम्झनु पर्छ ।

## परिच्छेद –२

## उद्देश्य

**५.यस कर्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्**

५.१ विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयलाई दिइने अनुदानलाई निर्धारण गर्नु

५.२ सामाजिक न्यायका आधारमा पारदर्शी रुपमा विद्यालयलाई अनुदान वितरण गर्नु

५.३ विद्यालय अनुदान वितरणमा एकरुपता कायम गर्नु

५.४ शिक्षक दरबन्दीको अभावबाट विद्यार्थीको पठनपाठनमा पर्ने प्रभावलाई कम गर्नु

५.६ गुणस्तरीय शिक्षाको सुनिश्चिततामा टेवा पुर्‍याउनु ।

## परिच्छेद ३

## प्रति विद्यार्थी शिक्षक लागत अनुदान निर्धारण गर्ने आधारहरु

६.प्रति विद्यार्थी शिक्षक लागत अनुदान गणना गर्ने प्रमुख आधार विद्यालयमा भर्ना भइ अध्ययनरत विद्यार्थी संङ्ख्यालाई लिइनेछ । प्रति विद्यार्थी लागत अनुदान वितरण गर्दा उपलब्ध स्रोतको आधारमा शून्य दरबन्दी भएका विद्यालयहरु र शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयहरुलाई



प्रमुख प्रशासकीय अधिकृत

उपलब्ध गराइने नीति लिइनेछ । विभिन्न तहमा प्रदान गरिने प्रति विद्यार्थी लागत निर्धारण गर्ने आधारहरु देहाय बमोजिम हुनेछन् ।

**६.१ आधारभूत तह अन्तर्गत कक्षा १-३/ कक्षा १-५ को हकमाः**

क) यस तहमा प्रति विद्यार्थी शिक्षक लागत हिसाब गर्दा विद्यालयमा ३० जना विद्यार्थी बराबर एक शिक्षक अनुपात मानिनेछ ।

ख) यस तहमा विद्यार्थी लागत शिक्षक हिसाव गर्दा प्राथमिक तहको तृतीय श्रेणीको शिक्षकको सुरु तलव स्केललाई लिइनेछ । उक्त तलव स्केललाई १२ महिनाले गुणन गरी आउने रकमलाई यसै कार्यविधिको ६.१(क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातले भाग गरी विद्यालयका लागि प्रति विद्यार्थी लागत निकालिनेछ ।

ग) विद्यालयको यस तहमा स्वीकृत दरबन्दी र राहत अनुदान दुवैमा कार्यरत शिक्षकको जम्मा सङ्ख्याले यसै कार्यविधिको ६.१(क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातलाई गुणन गर्दा आउने सङ्ख्यालाई उक्त विद्यालयको हकमा शिक्षक सेवा पाई रहेको विद्यार्थी सङ्ख्या मानिनेछ । सो गुणनफल भन्दा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या बढी भएमा बढी भएको विद्यार्थी सङ्ख्यालाई शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्या मानिनेछ ।

घ) यसै कार्यविधिको ६.२.(ग) बमोजिमको शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्यालाई ६.१ (ख) बमोजिम कायम भएको प्रति शिक्षक लागतले गुणन गर्दा आउने रकम विद्यालयहरुले एकमुष्ट रुपमा यस कार्यविधिको प्रयोजन बमोजिम अध्यापन कार्यमा सहयोग अनुदानको लागि पउन सक्नेछन ।

ङ) सामान्यतयाः विद्यालयमा विद्यार्थी सङ्ख्या बढेमा यस किसिमको अनुदान बढ्ने र घटेमा घटने हुँदा विद्यार्थी सङ्ख्या अनुदान रकमलाई प्रत्येक बर्ष पुनराबलोकन गरी फेरबदल गरिनेछ । तर सेवा पुऱ्याउनु पर्ने कक्षागत विद्यार्थी सङ्ख्याको ५० प्रतिशत भन्दा कम भएमा प्राथमिक तह कक्षा १– ३ र कक्षा १-५ का लागि उपलब्ध स्रोतका आधारमा एक जना शिक्षक बराबर न्यूनतम पारीश्रमिक मासिक रुपमा विद्यालयलाई उपलब्ध गराइनेछ ।

च) नेपाल सरकार / स्थानीय सरकारबाट अनुमति वा स्वीकृत प्राप्त गरि सञ्चालित विशेष तथा समाहित शिक्षाका स्रोत कक्षाहरु, मदरसा, गुम्बा/ विहार, गुरुकुल / आश्रम, बालविकास केन्द्रमासमेत विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थाका लागि कार्यविधिको ६.१ क,ख,ग र घ अनुसार गर्न सकिनेछ ।

तर परिच्छेद ३ मा जे सुकै लेखिएको भएता पनि कक्षा १-३ र कक्षा १-५ सम्म सञ्चालित सामुदायिक विद्यालयहरुलाई प्रति विद्यार्थी शिक्षक लागत अनुदान दिंदा प्रति विद्यार्थी मासिक



प्रमुख प्रशासकीय अधिकृत

**रु.३००। (अक्षरेपी तिन सय ) भन्दा कमका दरले प्रति विद्यार्थी शिक्षक लागत अनुदान वितरण गरिने छैन ।**

६.२ आधारभूत तह अन्तर्गत कक्षा ६-८ को हकमाः

क) यस तहमा प्रति विद्यार्थी शिक्षक लागत हिसाब गर्दा विद्यालयमा ३० जना विद्यार्थी बराबर एक शिक्षक अनुपात मानिनेछ ।

ख) यस तहमा विद्यार्थी लागत शिक्षक हिसाव गर्दा प्राथमिक तहको तृतीय श्रेणीको शिक्षकको सुरु तलव स्केललाई लिइनेछ । उक्त तलव स्केललाई १२ महिनाले गुणन गरी आउने रकमलाई यसै कार्यविधिको ६.१(क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातले भाग गरी विद्यालयका लागि प्रति विद्यार्थी लागत निकालिनेछ ।

ग) विद्यालयको यस तहमा स्वीकृत दरबन्दी र राहत अनुदान दुबैमा कार्यरत शिक्षकको जम्मा सङ्ख्याले यसै कार्यविधिको ६.१(क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातलाई गुणन गर्दा आउने सङ्ख्यालाई उक्त विद्यालयको हकमा शिक्षक सेवा पाइरहेको विद्यार्थी सङ्ख्या मानिनेछ । सो गुणनफल भन्दा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या बढी भएमा बढी भएको विद्यार्थी सङ्ख्यालाई शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्या मानिनेछ ।

घ) यसै कार्यविधिको ६.२.(ग) बमोजिमको शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्यालाई ६.१ (ख) बमोजिम कायम भएको प्रति शिक्षक लागतले गुणन गर्दा आउने रकम विद्यालयहरुले एकमुष्ट रुपमा यस कार्यविधिको प्रयोजन बमोजिम अध्यापन कार्यमा सहयोग अनुदानको लागि पाउन सक्नेछन ।

ङ) सामान्यतयाः विद्यालयमा विद्यार्थी सङ्ख्या बढेमा यस किसिमको अनुदान बढ्ने र घटेमा घट्ने हुँदा विद्यार्थी सङ्ख्या अनुदान रकमलाई प्रत्येक बर्ष पुनराबलोकन गरी फेरबदल गरिनेछ ।तर सेवा पुऱ्याउनु पर्ने कक्षागत विद्यार्थी सङ्ख्याको ५० प्रतिशत भन्दा कम भएमा प्राथमिक तह कक्षा ६–८ का लागि उपलब्ध स्रोतका आधारमा एक जना शिक्षक बराबर न्यूनतम पारिश्रमिक मासिक रुपमा विद्यालयलाई उपलब्ध गराइनेछ ।

च) नेपाल सरकार / स्थानीय सरकारबाट अनुमति वा स्वीकृत प्राप्त गरि सञ्चालित विशेष तथा समाहित शिक्षाका स्रोत कक्षाहरु, मदरसा, गुम्बा/ विहार, गुरुकुल / आश्रम, बालविकास केन्द्रमासमेत विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थाका लागि कार्यविधिको ६.१(क,ख,ग र घ अनुसार गर्न सकिनेछ ।

**तर परिच्छेद ३ मा जे सुकै लेखिएको भएता पनि कक्षा ६-८ सम्म सञ्चालित सामुदायिक विद्यालयहरुलाई प्रति विद्यार्थी शिक्षक लागत अनुदान दिंदा प्रति विद्यार्थी मासिक रु.४००।( अक्षरेपी चार सय ) भन्दा कमका दरले प्रति विद्यार्थी शिक्षक लागत अनुदान वितरण गरिने छैन ।**



प्रमुख प्रशासकीय अधिकृत

कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

**६.३ आधारभूत तह अन्तर्गत कक्षा १-८ को हकमाः**

क) यस तहमा प्रति विद्यार्थी शिक्षक लागत हिसाब गर्दा कक्षा १-५ मा दरबन्दी र राहत अनुदान कोटामा कार्यरत शिक्षक सङ्ख्या र कक्षा ६-८ मा दरबन्दी र राहत अनुदान कोटामा कार्यरत शिक्षक सङ्ख्याका आधारमा छुट्टाछुट्टै शिक्षक अनुपात ६.१ (क) र ६.२ (क) का आधारमा गरिनेछ ।साथै कक्षा १-५ वा कक्षा ६-८ मा न्यूनतम शिक्षक नपुग हुने र तल्लो कक्षा १-५ वा उपल्लो कक्षा ६-८ मा बढी भएमा सरदर अनुपात ३० कायम गर्दा तल्लो र उपल्लो तहका शिक्षक सङ्ख्याले सेवा पुऱ्याउने विद्यमर्थी सङ्ख्या मिलेसम्म त्यस्ता विद्यालयलाई थप प्रति विद्यार्थी शिक्षक लागत दिन सकिने छैन । यदि यस कार्यविधिमा उल्लेख भएको अनुपात भन्दा बिद्यार्थी बढी भइ सेवा पुऱ्याउनु पर्ने विद्यार्थी सङ्ख्याको अनुपात बढी भएमा उपल्लो तहको शिक्षकको शुरु तलव स्केललाई आधार लिइनेछ ।

ख) यस तहमा प्रति विद्यार्थी लागत शिक्षक हिसाव गर्दा निम्न माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकको सुरु तलव स्केललाई लिइनेछ । उक्त तलव स्केललाई १२ महिनाले गुणन गरी आउने रकमलाई यसै कार्यविधिको ६.१ (क) मा दिइएको शिक्षक बिद्यार्थी अनुपातले भाग गरी विद्यालयका लागि प्रति विद्यार्थी लागत निकालिनेछ ।

**६.४ माध्यमिक तह अन्तर्गत कक्षा ९-१० को हकमाः**

क) यस तहमा प्रति विद्यार्थी शिक्षक लागत हिसाब गर्दा विद्यालयमा ३० जना विद्यार्थी बराबर एक शिक्षक अनुपात मानिनेछ ।

ख) यस तहमा विद्यार्थी लागत शिक्षक हिसाव गर्दा माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकको सुरु तलव स्केललाई लिइनेछ । उक्त तलव स्केललाई १२ महिनाले गुणन गरि आउने रकमलाई यसै कार्यविधिको ६.४ (क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातले भाग गरी विद्यालयका लागि प्रति विद्यार्थी लागत निकालिनेछ ।

ग) विद्यालयको यस तहमा स्वीकृत दरबन्दी र राहत अनुदान दुबैमा कार्यरत शिक्षकको जम्मा सङ्ख्याले यसै कार्यविधिको ६.४ (क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातलाई गुणन गर्दा आउने सङ्ख्यालाई उक्त विद्यालयको हकमा शिक्षक सेवा पाइरहेको विद्यार्थी सङ्ख्या मानिनेछ । सो गुणनफल भन्दा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या बढी भएमा बढी भएको विद्यार्थी सङ्ख्यालाई शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्या मानिनेछ ।

घ) यसै कार्यविधिको ६.४ (ग) बमोजिमको शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्यालाई ६.४(ख) बमोजिम कायम भएको प्रति शिक्षक लागतले गुणन गर्दा आउने रकम विद्यालयहरुले एकमुष्ट रुपमा यस कार्यविधिको प्रयोजन बमोजिम अध्यापन कार्यमा सहयोग अनुदानको लागि पाउन सक्नेछन ।



प्रमुख प्रशासकीय अधिकृत

ङ) सामान्यतयाः विद्यालयमा विद्यार्थी सङ्ख्या बढेमा यस किसिमको अनुदान बढ्ने र विद्यार्थी सङ्ख्या घटेमा अनुदान रकम घटने भएकाले विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या र यस किसिमको अनुदान बीच सहसम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने अनुदान रकमलाई प्रत्येक बर्ष पुनराबलोकन गरी फेरबदल गरिनेछ ।तर सेवा पुऱ्याउनु पर्ने कक्षागत विद्यार्थी सङ्ख्याको ५० प्रतिशत भन्दा कम भएमा प्राथमिक तह कक्षा ९– १० का लागि उपलब्ध स्रोतका आधारमा एक जना शिक्षक बराबर न्यूनतम पारीश्रमिक मासिक रुपमा विद्यालयलाई उपलब्ध गराइनेछ ।

**प्रति विद्यार्थी लागत अनुदान दिदा १– १० संचालन भएका विद्यालयका हकमा मासिक रु ५०० (प्रति विद्यार्थीका दरले) भन्दा कम गरिने छैन ।**

**६.५ माध्यमिक तह अन्तर्गत कक्षा ११-१२ को हकमाः**

क) यस तहमा प्रति विद्यार्थी शिक्षक लागत हिसाब गर्दा विद्यालयमा ३० जना विद्यार्थी बराबर एक शिक्षक अनुपात मानिनेछ ।

ख) यस तहमा विद्यार्थी लागत शिक्षक हिसाव गर्दा माध्यमिक तहको तृतीय श्रेणीको शिक्षकको सुरु तलव स्केललाई लिइनेछ । उक्त तलव स्केललाई १२ महिनाले गुणन गरि आउने रकमलाई यसै कार्यविधिको ६.५(क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातले भाग गरी विद्यालयका लागि प्रति विद्यार्थी लागत निकालिनेछ ।

ग) विद्यालयको यस तहमा स्वीकृत दरबन्दी र राहत अनुदान दुबैमा कार्यरत शिक्षकको जम्मा सङ्ख्याले यसै कार्यविधिको ६.५(क) मा दिइएको शिक्षक विद्यार्थी अनुपातलाई गुणन गर्दा आउने सङ्ख्यालाई उक्त विद्यालयको हकमा शिक्षक सेवा पाइरहेको विद्यार्थी सङ्ख्या मानिनेछ । सो गुणनफल भन्दा उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या बढी भएमा बढी भएको विद्यार्थी सङ्ख्यालाई शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्या मानिनेछ ।

घ) यसै कार्यविधिको ६.५(ग) बमोजिमको शिक्षक सेवा पाउन बाँकी विद्यार्थी सङ्ख्यालाई ६.५(ख) बमोजिम कायम भएको प्रति शिक्षक लागतले गुणन गर्दा आउने रकम विद्यालयहरुले एकमुष्ट रुपमा यस कार्यविधिको प्रयोजन बमोजिम अध्यापन कार्यमा सहयोग अनुदानको लागि पउन सक्नेछन ।

ङ) सामान्यतयाः विद्यालयमा विद्यार्थी सङ्ख्या बढेमा यस किसिमको अनुदान बढ्ने र विद्यार्थी सङ्ख्या घटेमा अनुदान रकम घट्ने भएकोले विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या र यस किसिमको अनुदाको बीचमा सहसम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने अनुदान रकमलाई प्रत्येक बर्ष पुनराबलोकन गरी फेरबदल गरिनेछ ।

६.६ यस कार्यविधि प्रयोजनको लागि विद्यालयलाई अध्यापन कार्यमा सहयोग अनुदान प्रदान गर्न जुन शैक्षिक सत्रका लागि विद्यालयलाई उक्त अनुदान उषलब्ध गराउने हो सो भन्दा अघिल्लो शैक्षिक सत्रको अन्तमा विद्यालयले भरेको एकिकृत शैक्षिक सूचना प्रणाली (IEMIS)मा प्रविष्ट गरेको विद्यार्थी



प्रमुख प्रशासकीय अधिकृत

कटारी नगर कार्यपालिकाको कार्यालय, कटारी, उदयपुर, कोशी प्रदेश, नेपाल २०७१

सङ्ख्या वा चालु शैक्षिक सत्रमा एकिकृत शैक्षिक सूचना प्रणाली (IEMIS)मा प्रविष्ट गरेको विद्यार्थी सङ्ख्या मध्ये जुनमा बढी विद्यार्थी सङ्ख्या हुन्छ सो सङ्ख्यालाई आधार मानिनेछ ।

६.७ कार्यविधिको ६.१ देखि ६.५ सम्मका अनुदान पाउने विद्यालय अनुमति वा स्वीकृत प्राप्त गरी कम्तिमा दुई शैक्षिक सत्र विद्यालय सञ्चालन भएको हुनुपर्नेछ ।कुनै पनि विद्यालयलाई सो समय पूरा नगरिकन यस किसिमको अनुदान रकम उपलब्ध गराइनेछैन ।

६८ माथि उल्लेख भए अनुसारको प्रति विद्यार्थी शिक्षक लागत रकम वितरण गर्दा सम्पूर्ण अभिलेखलाई अध्यावधिक गरी नगर शिक्षा समितिमा निर्णय गराई वितरण गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

६.९ कार्यविधिको ६.१ देखि ६.५ सम्म जे सुकै लेखिएको भएता पनि स्वीकृत बार्षिक कार्यक्रम र बजेटको परिधिभित्र रही अनुदान पउने विद्यालय तहहरुको प्राथमिकता क्रम तोकि सोही बमोजिम अध्यापन कार्यमा सहयोग अनुदान विद्यालयलाई निकासा गर्न सकिनेछ ।

६.१० अध्ययन कार्यमा सहयोग अनुदान प्रत्येक आर्थिक बर्षको शुरु भएपछि प्रारम्भ हुने शैक्षिक बर्षको योजनका लागि दिइनेछ ।

**+२ तर्फ प्रति विद्यार्थी अनुदान दिँदा मासिक रु ५५० (पाच सय मात्र) भन्दा कम गरिने छैन।**

## परिच्छेद ४

## प्रति विद्यार्थी शिक्षक लागत अनुदान पाउन विद्यालयले पूरा गर्नुपर्ने शर्तहरु

७. प्रति विद्यार्थी शिक्षक लागत अनुदान पाउनका लागि विद्यालयले देहायबमोजिमको शर्त पालना गर्नु पर्नेछः

७.१. विद्यालयले चालु र विगत दुई बर्षको (चालु शैक्षिक सत्र र सो भन्दा अघिल्लो दुई शैक्षिक सत्रको) एकिकृत शैक्षिक सूचना प्रणाली (IEMIS) मा विद्यार्थी विवरण प्रविष्ट गरी On Line अपलोड गर्नु पर्नेछ ।

७.२. विद्यालय व्यवस्थापन समिति अनिवार्य गठन भएको हुनु पर्नेछ ।

७.३. विद्यालयले गत आ.ब.को भन्दा अघिल्लो आ.ब.को लेखा परीक्षण (आर्थिक र सामाजिक दुबै) भएको हुनु पर्नेछ ।

७.४. विद्यालयले आफ्नो सेवा क्षेत्रभित्र रहेका विद्यालय भर्ना हुन बाँकी रहेका सबै बालबालिकाहरुको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने कार्ययोजना सहितको विद्यालय सुधार योजना तयार गर्नु पर्ने ।

७.५. विद्यालय भर्ना भएका बालबालिकाको कम्तिमा ९० प्रतिशत नियमित उपस्थिति गराउने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

७.६. विद्यालयको अन्तिम परीक्षाको नतिजा ८० प्रतिशतमा नघट्ने गरी कायम गर्न आवश्यक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।

७.७. विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी सङ्ख्या एकिन गरी निर्णय गरेको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

## परिच्छेद ५



प्रमुख प्रशासकीय अधिकृत

## नगरपालिकाको काम कर्तव्य र अधिकार

८. प्रति विद्यार्थी शिक्षक लागत अनुदान कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न नगरपालिकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क. स्रोतको व्यवस्थापन र समन्वय गर्ने ।

ख. कार्यक्रमको प्रणालिगत रुपमा अनुगमन गर्ने र उपलब्धिको समिक्षा एवम् विश्लेषण गर्ने ।

ग. कार्यक्रममा नीतिगत सुधार र कार्यक्रमगत परिमार्जन गर्ने ।

**८.१. शिक्षा युवा तथा खेलकुद शाखाको काम कर्तव्य र अधिकार**

क. प्रति विद्यार्थी शिक्षक लागत अनुदान पाउने विद्यालयहरुको पहिचान गर्ने ।

ख. विद्यार्थीहरुको विवरण सङ्कलन गर्ने र विद्यार्थी संख्या एकिन गर्ने ।

ग. विद्यालयबाट लिनु पर्ने तथ्याङ्क र गत बर्ष प्राप्त गरेको प्रति विद्यार्थी शिक्षक लागतको रकमको खर्च,शिक्षक व्यवस्थापन गरेको प्रावधान,रकम खर्चको विल भरपाई आदि समेत लिइ रुजु गरेर मात्र चालु बर्षको रकम निकासाको लागि तयार गर्ने ।

घ. विद्यालयले पठाएको विवरण अनुसार विद्यार्थी सङ्ख्या बास्तविक भए नभएको र रकमको सहिरुपमा प्रयोग भए नभएको अनुगमन गर्ने ।

ङ. विद्यालयसँग अर्धबार्षिक र बार्षिक प्रगति विवरण माग गर्ने र समीक्षा , विश्लेषण गरी नगरपालिकामा पेश गर्ने ।

## परिच्छेद ६
## विविध

९. प्रति विद्यार्थी शिक्षक लागत अनुदान कार्यका लागि विद्यालयबाट शिक्षक,प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले भरी पठाएको विद्यार्थी सङ्ख्याको विवरण दिंदा झुट्टा विद्यार्थी सङ्ख्याको विवरण दिएमा शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार दण्ड, सजाय र सम्बन्धित विद्यालयको अनुमति/स्वीकृति रद्द गर्नका लागि नगर कार्यपालिकामा सिफारिस गरी पठाइनेछ ।

१०. खारेजी र बचाउः यस कार्यविधि लागू हुनु पूर्व भए गरेका काम यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

**प्रमाणीकरण मिति २०७९/१०/१८**

आज्ञाले
अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत



प्रमुख प्रशासकीय अधिकृत